स्वास्थ्यको नेतृत्व जनप्रतिनीधिलाई । पृष्ठ ४

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

विकास

खबरपत्रिका साप्ताहिक

www.bikaskhabar.com

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१०, ● अंक-१३, ● २०७४ असोज २३ गते सोमबार, ● 09 Oct., 2017, ● नेपाल सम्वत्-११३७, ● पृष्ठ-६, ● मूल्य रु. ५/-



थाहा नगरपालिका वडा नं. १ स्थित कुन्छाल गाउ । ● फोटोः विकास

सुरजकुमार भुजेल
निराजन गोपाली
थाहानगर

मकवानपुरको थाहा नगरपालिका वडा नंम्बर १ स्थित कुन्छाल पर्यटकीय 'गन्तव्य गाउँ' भएको छ । ऐतिहासिक गोपालीहरूको बसोबास रहेको मकवानपुर थाहा नगरपालिकाको कुन्छाल गाउँ सहित नेपालका तीन उत्कृष्ट पर्यटकीय गन्तव्य घोषणा भएको हो । ३८ औं विश्व पर्यटन दिवसका अवसरमा पर्यटन बोर्ड काठमाण्डौमा भएको एक समारोहमा गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) नेपालले तीन नयाँ गाउँलाई पर्यटकीय गाउँ घोषणा गरेको हो । छनोटमा परेका उत्कृष्ट पर्यटकीय गन्तव्यहरूको संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव महेश्वर न्यौपानेले घोषणा गरेका हुन् । 'गन्तव्य गाउँ' को प्रमाणपत्र वडा अध्यक्ष हेरमान गोपालीले ग्रहण गरेका हुन् ।

थाहा नगरपालिकाको कुन्छाल सन् २०१८ का लागि पर्यटकीय गन्तव्य घोषणा गरिएको हो । भिटोफले मकवानपुरको कुन्छाल सहित स्याङजा पित्लेक र धादिङको सिद्धलेक सलाङलाई पर्यटकीय गाउँको रूपमा घोषणा गरेको भिटोफ नेपालका अध्यक्ष रामप्रसाद सापकोटाले बताए । अध्यक्ष सापकोटाका अनुसार भिटोफले हरेक वर्ष ३ गाउँलाई पर्यटकीय गाउँको रूपमा घोषणा गर्ने र प्रवर्द्धनदेखि प्याकेज बनाउनेसम्मका काम गर्दै आएको छ । भिटोफको कार्य समितिले देशभरबाट प्राप्त गाउँहरूमा सम्भावनाको अध्ययन गरी उत्कृष्टताको आधारमा तीन वटा गाउँलाई छनोट गर्ने गर्दछ ।

गाउँ घोषणा गरिसकेपछि प्रबर्द्धन र प्याकेज बनाउनु पर्ने र सोही अनुरूप पर्यटकले पनि मन पराउने खालको हुनु पर्ने मापदण्ड रहेको छ ।

यसअघि भिटोफले तनहुँको दुम्सी दराही गाउँ, कन्चनपुरको भादागाउँ र हुम्लाको गुराँसे गाउँलाई सन् २०१७ को पर्यटकीय गाउँको रूपमा घोषणा गरेको थियो । ती गाउँ प्रवर्द्धन गर्नका लागि भिटोफले विभिन्न खालका पर्यटकीय अभियान चलाएको थियो ।

कुन्छाल गाउको गणेश मन्दिर। ● फोटोः विकास

> गाउमा हुने नेवारी संस्कृति र परम्परा नै कुन्छाल गाउको विशेषता हो । कुन्छाल भएको उपत्यकाको नाम टिष्टुङ हो । त्रिभुवन राजपथबाट ओरालो भर्दाझर्दै एउटा निकै सुन्दर बस्तीले स्वागत गर्छ । एकैनासका घरहरु रहेको उक्त बस्ती मकवानपुर जिल्लाको टिष्टुङ स्थित एउटा कुनातिर रहेकाले यस गाउले आफ्नो नाम नै 'कुन्छाल' भनेर परिचय बनाएको छ ।

टिष्टुङको कुनामा बसेकाले अहिले पनि कुन्छाल गाउँको उपमा पाएको यहाँका पुस्ताले पञ्चायतकालसम्म आफ्नो थर ग्वाला लेख्ने गरेका थिए । नाइके चन्द्र बहादुर गोपाली भने-'पञ्चायतकालमा बुबा अष्टमान तालुकदार थिए, उहँ सबैको तिरो उठाएर मालपोत लैजान्थें, तालुकदारले रसिद काटेपछि त्यतिबेलाको सरकारी जग्गा विर्तामा परिणत हुन्थ्यो ।'

मिहेनती मन, कुन्छालको धन

पुरानो बस्ती कुन्छालबासी असाध्यै मिहिनती छन् । कृषि र पशुपालन उनीहरूको मुख्य पेशा हो, आम्दानीको स्रोत पनि यहि हो । पछिल्लो समय गोपाली समुदायले होम स्टे सञ्चालनका लागि आफैले खर्च जुटाएर आवश्यक व्यवस्थापन थालेका छन् ।

गोपालीहरू आफ्नो काममा दत्तचित्त भएर लाग्छन् । फुरमास खर्च नगर्ने र आफूलाई चाहिने सामान आफै जोहो गर्ने स्वभावका गोपालीहरू विहानैदेखि खेत बारीको काममा तल्हिन हुन्छन् । महिला पुरूषमा कामको हिसाबले भेदभाव गर्दैनन् । घर भान्साको काम गर्न पुरूष पनि उस्तै सिपालु छन् ।

त्रिभुवन राजपथसँगै जोडिएर पनि आर्थिक र सामाजिक रूपमा पछाडि

बाकी पृष्ठ ३ मा

व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !ड्ड

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

नेपाल सरकारको सूचना !

हाम्रोकला संस्कृति तथा परम्पराको हामी सबै मिलेर संरक्षण गरौं । यो हाम्रो सम्पत्ती हो । स्थानीइ क्षेत्रमा आन्तरिक तथा बाह्रिय पर्यटन प्रवर्द्धन गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादकीय

थाहानगरलाई 'पर्यटकीय हब' बनाऊ

पर्यटन प्रवर्द्धनका लागि सरकारी तथा निजी क्षेत्रमा प्रयत्नहरु भइरहेका छन् । तुलनात्मक रुपमा अहिले यस व्यवशायतर्फ मानिसहरु केन्द्रित भएको देखिन्छ । मकवानपुरमा रहेका केही पर्यटकीय गन्तव्यस्थलमा भौतिक पूर्वाधार निर्माण भइरहेको छ भने निजी क्षेत्रबाट पनि पर्यटन प्रवर्द्धनका लागि विभिन्न गतिविधि भइरहेका छन् । केही वर्ष पहिलेसम्म खासै चर्चामा नरहेको मकवानपुरको थाहा नगरपालिका वडा नम्बर १ मा पर्ने ऐतिहासिक कुन्छाल गाउँ सन् २०१८ का लागि 'पर्यटकीय गन्तव्य' घोषणा भएको छ । सन् २०१३ मा चित्लाङ पनि 'पर्यटकीय गाउँ' घोषणा भएको थियो । फलस्वरुप अहिले चितलाङ जिल्लाकै पर्यटकीय गन्तव्यको रुपमा आफ्नो परिचय बनाएको छ । थाहानगरकै चित्लाङमा निजी क्षेत्र तथा विभिन्न सामाजिक संघसंस्थाहरुले अन्य पूर्वाधारमा लगानी गरिरहेका छन् । पर्यटन प्रवर्द्धनका कामहरु भइरहेका छन् । यहाँ नेपालकै पहिलो बाख्राको चिज, होम स्टे लगायतले चित्लाङमा पर्यटकहरुका लागि थप आकर्षित गर्ने प्रयास गरिरहेको छ ।

नगरका पर्यटकीय गन्तव्यहरुको पहिचान गरेर उचित लगानी गर्न सकेको खण्डमा थाहानगरलाई पर्यटन हवको रुपमा विकास गर्ने सम्भावनाहरु प्रशस्तै छन् । जिल्लाकै पर्यटन हबको रुपमा थाहानगरलाई घोषणा ने गरी अघि बढाउन सके थाहाले थप फड्को मार्ने देखिन्छ । थाहानगरमा आन्तरिक तथा वाह्य पर्यटकहरु आउने प्रशस्त आधारहरु छन् । विशेषत यहाँ आउने पर्यटकहरु धार्मिक आस्थाका कारण आउने गरेका छन् भने अध्ययन र अनुसन्धानका लागि पनि थुप्रै पर्यटकहरु दिनदिनै भित्रि रहेका छन् । तर नगरमा वार्षिक कति पर्यटक भित्रिए भनने डाटा न नगरपालिकासंग छ न त अरु कुनै निकायमा नै अभिलेख राखिएको छ । थाहानगर साँस्कृतिक हिसाबले विविधता भएको नगर हो । नेपालकै पुरानो जाति गोपाली र भिन्न संस्कृति र परम्परा भएको तामाङ, कपाली, देउला, नेवारलगायत थुप्रै जाति जनजातिहरुको बसोबास छ । यहाँ पैदल यात्रा गर्न चहाने तथा साइक्लिङ गर्नेहरुका लागि पनि उत्तिकै संभावना छ । पैदल यात्रा गर्ने त थाहानगरमा थुप्रै रुटहरु नै रहेका छन् । कम्तिमा थाहानगर आउने पर्यटकलाई कुलेखानीको इन्द्रसरोवर, कैलाश गाउँपालिकाको बैकुण्ठ, भिमफेदी गाउँपालिका, हेटौंडाको स्मारक लगायतका आकर्षित क्षेत्रसम्म पुऱ्याउन सक्ने हो भने यसको प्रत्यक्ष लाभ मकवानपुर जिल्लाले नै लिन सक्छ । नगरका कोटथुम्की, मूलाबारी चौर, टिष्टुङ तथा आग्राका विभिन्न पर्यटकीय आकर्षण भएका क्षेत्रको उचित प्रवर्द्धन गर्न सकेमा आन्तरिक पर्यटकहरुको संख्या बढ्न सक्नेछ ।

पर्यटन प्रवर्द्धनका लागि अहिले विभिन्न प्रयासहरु भइरहेका छन् । तर ती प्रयासहरु उपलब्धिमूलक भन्दा बढी प्रचारमुखी छन् । पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसार आवश्यक भए पनि पर्यटकहरु गन्तव्यस्थलमा जाने भौतिक पूर्वाधार र त्यहाँ अवलोकन गर्ने वस्तु नहुँदासम्म त्यसको सार्थकता रहँदैन । साच्चिकै यहाँको पर्यटकीय क्षेत्रको विकास गर्ने हो भने टुक्रे योजनाले काम गर्दैन । नारामा पर्यटक प्रवर्द्धनको चर्का नारा मात्र दिनुभन्दा सबैभन्दा पहिले नगरको पर्यटन गुरुयोजना बनाउनुपर्छ । गुरुयोजनाको आधारमा प्राथमिकता अनुसार लगानी गर्दै जाने हो भने अवश्य पनि यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ । पर्यटकहरुलाई आकर्षित गर्नका लागि हामीले आफ्नो आनीबानी र उनीहरुप्रतिको व्यवहार परिवर्तन गर्नुपर्छ । पैदल यात्रामार्फत आउने पर्यटकहरुका लागि ति रुटहरुमा जाने पर्यटकहरुलाई बीचमा विभिन्न केन्द्र बनाएर प्रतिक्षालयहरुको निर्माण गर्न सकिन्छ । सरकार, निजी क्षेत्र तथा यस क्षेत्रमा सरोकार राख्ने व्यक्तिहरुले स्पष्ट गुरुयोजना बनाउन सकेको खण्डमा थाहानगरलाई पर्यटन हब बनाउन सकिन्छ ।

थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

विहान	६:१५	बजे काठमाण्डौ (हाइस)
विहान	६:१५	बजे हेटौंडा (फोर्स)
विहान	७:१५	बजे काठमाण्डौ (बस)
विहान	८:००	बजे हेटौडा (बस)
विहान	८:१५	बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स)
विहान	९: ००	बजे काठमाण्डौ (मिनीबस)
विहान	९:००	बजे हेटौंडा जम्बो हाइस
विहान	९:४५	बजे काठमाण्डौ फोर्स
विहान	१०:१५	बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स)
विहान	१०:१५	बजे काठमाण्डौ(फोर्स)
विहान	१०:३०	बजे हेटौंडा (फोर्स)
विहान	११:१५	बजे काठमाण्डौ (मिनिबस)
विहान	१२:३०	बजे हेटौंडा (बर्स)
मध्यान्ह	१२:३०	बजे काठमाण्डौ (बस)
मध्यान्ह	१:३०	बजे हेटौंडा (मिनीबस)
दिउँसो	१:३०	बजे पालुङ गोगने पकने (मिनीबस)
दिउँसो	१:३०	बजे काठमाण्डौ (फोर्स)
दिउँसो	२:३०	बजे काठमाण्डौ (फोर्स)
दिउँसो	३:००	बजे पालुङबाट मार्खु (बस)
दिउँसो	३:३०	बजे पालुङबाट काठमाण्डौं (बस)

थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१

महत्वपुर्ण टेलिफोन नम्बरहरू

पालुङ एम्बुलेन्स (चालक)	९८१४२०७४०१
आग्रा एम्बुलेन्स (चालक)	९८६०२२३७५५
जनकल्याण उच्च मा.वि.	०५७-६२०३६४
थाहा नगरपालिका कार्यालय	०५७-४०००५६
मत्स्यनारायण मा.वि.	०५७-६२०५१२
ईप्रका पालुङ (प्रमुख)	९८५५०६९४९९
प्रहरी चौकी फाखेल	०५७-६९२५१८
जिल्ला प्रशासन मकवानपुर	०५७-५२०३८८
विद्युत प्राधिकरण पालुङ	०५७-४०००२९

प्रकृति, सभ्यता र संस्कृतिको केन्द्रभूमि टिस्टुङ

राज्यलक्ष्मी शाक्य

नेपाल प्राकृतिक रूपले सुन्दर राष्ट्र हो । अझ बहुसांस्कृतिक, बहुधार्मिक, विविध जातजाति, चलन संस्कृतिका कारण पनि नेपाल प्रसिद्ध छ । नेपालमा सयभन्दा बढीका जातजातिको बसोबास छ । विविध जाति भएकै कारण उनीहरूको आफ्नै भाषा, भेषभूषा, रहनसहन, चालचलन, रीतिरिवाज र संस्कृति रहेको छ । हिमालमा एकखालको संस्कृति रहेको छ भने पहाड र तराईमा अर्कै फरकखालको संस्कृति रहेको छ । त्यसैकारणले पनि नेपालको विशिष्ट परिचय रहेको छ । यी विविध संस्कृतिकै कारण हामी नेपाली सांस्कृतिक रूपमा समृद्ध कहलिएका छौं । त्यसकारण यिनीहरूको संरक्षण हाम्रो पहिलो कर्तव्य हो । तर, नेपालको पछिल्लो अवस्थालाई हेर्ने हो भने हाम्रा धर्मसंस्कृतिको संरक्षणमा कमै चासो मात्र रहेको पाइन्छ । अझ सरकारी स्तरबाटै नै हाम्रा पहिचानलाई मेट्ने काम पनि भएका छन् । यसमा केही अनभिज्ञता त केही स्वार्थ मिसिएका छन् । त्यसकारण पनि स्थानीय नै यसतर्फ सचेत नहुने हो भने हाम्रो परिचायक बनेको सभ्यता लोप हुन पनि सक्छ ।

> टिस्टुङ हाम्रो प्राचीन संस्कृति र सभ्यताको धरोहर हो, परिचायक हो । धर्मसंस्कृतिप्रति बढ्दै गएको बेवास्ताका कारण यस्ता प्राचीन स्थलहरु ओझेलमा पर्दै गएका छन् । टिस्टुङको जुन इतिहास रहेको छ, त्यो अहिले ओझेलमा पार्ने प्रयास हुँदै गएकोमा स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

यो सन्दर्भलाई उठाउनुको कारण हो, केही समयअघि प्राकृतिक तथा सांस्कृतिक रूपले धनी रहेको टिस्टुङ क्षेत्रको भ्रमण गर्ने मौका पाइयो । काठमाडौंको नजिकै रहेको यो क्षेत्र मकवानपुर जिल्ला अन्तर्गत पर्छ । निकै पुरानो नेवार बस्ती रहेको यस क्षेत्र प्राकृतिक रूपले पनि उत्तिकै मनमोहक तथा आकर्षक लाग्यो । काठमाडौ नेवा मिडिया प्रालिले ज्यापु साँस्कृतिक विकास कोषको सहकार्यमा थाहा नगरपालिकामा अवस्थित प्राचीन बस्ती टिस्टुङका १० गुठीलाई सांस्कृतिक बाजा वितरण गर्ने कार्यक्रमको सिलसिलामा पंक्तिकार पनि त्यहाँ पुग्ने मौका पायो ।

संस्कृति बुझ्ने क्रममा यहाँ लिच्छवीकालीन समय अघि ७ सय बस्ती रहेको र राज्य पुनःसंरचनाको क्रममा एउटै टिस्टुङ बस्तीमा ती बस्ती समाहित भएको रहेछ । पछि बज्रवाराही हुँदै हाल यो क्षेत्रलाई थाहा नगरपालिका भनिन्छ । निकै पुरानो यो बस्तीमा नेवारी समुदायको बाहुल्य छ । यहाँको बासिन्दाको संस्कृतिप्रतिको मोहले अझै लिच्छवी र मल्लकालीन संस्कृतिको झझल्को दिन्छ । यहाँ निकै नै महत्वपूर्ण र प्राचीन विभिन्न धार्मिक स्थलहरू रहेका छन् । बज्रवाराहीसहित चित्लाङमा चम्केश्वर महादेव, दामनको ऋषेश्वर महादेवको मन्दिर र चित्लाङका सातधारा, अंशुबर्माको पालाका शिलालेखहरू यस क्षेत्रका साँस्कृतिक सम्पदा हुन् । बौद्ध र हिन्दू धर्मावलम्बीको आस्थाको धरोहर बज्रवाराही मन्दिरमा तीन वर्षमा ठूलो मेला लाग्ने गर्दछ । राजा अंशुबर्माले यहाँ कोटदरबार स्थापना गरेको भग्नावशेष हाल पनि देख्न सकिन्छ । तर, त्यसको संरक्षणमा भने कसैको चासो पुग्न सकेको छैन ।

> यहा निकै नै महत्वपूर्ण र प्राचीन विभिन्न धार्मिक स्थलहरु रहेका छन् । बज्रवाराहीसहित चित्लाङमा चम्केश्वर महादेव, दामनको ऋषेश्वर महादेवको मन्दिर र चित्लाङका सातधारा, अंशुबर्माको पालाका शिलालेखहरु यस क्षेत्रका सा स्कृतिक सम्पदा हुन् । बौद्ध र हिन्दू धर्मावलम्बीको आस्थाको धरोहर बज्रवाराही मन्दिरमा तीन वर्षमा ठूलो मेला लाग्ने गर्दछ । राजा अंशुबर्माले यहा कोटदरबार स्थापना गरेको भग्नावशेष हाल पनि देख्न सकिन्छ । तर, त्यसको संरक्षणमा भने कसैको चासो पुग्न सकेको छैन ।

कुन्छालमा देखाइने १२ वर्षे नाच । ● फाइल फोटोः विकास

टिस्टुङ हाम्रो प्राचीन संस्कृति र सभ्यताको धरोहर हो, परिचायक हो । धर्मसंस्कृतिप्रति बढ्दै गएको बेवास्ताका कारण यस्ता प्राचीन स्थलहरू ओझेलमा पर्दै गएका छन् । टिस्टुङको जुन इतिहास रहेको छ, त्यो अहिले ओझेलमा पार्ने प्रयास हुँदै गएकोमा स्थानीयले चिन्ता व्यक्त गरेका छन् । हाल यो क्षेत्रलाई थाहानगरमा नामकरण गरिँदा टिस्टुङको इतिहास नै लोप हुनसक्ने गुनासो छ । त्यसकारण यस्ता पक्षमा पनि सम्बन्धित निकायको ध्यान जानुपर्ने उनीहरूको भनाइ छ ।

यहाँका नेवार समुदायले आफ्नो पुर्खाको धर्मसंस्कृति जोगाउँदै आएका छन् । उनीहरूको आफ्नो संस्कृतिप्रतिको मोह साँच्चै नै प्रेरणादायी पनि छ । उनीहरूको त्यही सत्कर्ममा सहयोग पुऱ्याउने विचारले काठमाडौ नेवा मिडिया प्रालिले ज्यापु साँस्कृतिक विकास कोषको सहकार्यमा टिस्टुङका १० गुठीलाई सांस्कृतिक बाजा वितरण गरिएको हो । कार्यक्रममा थाहा नगरपालिका वडा नं.१ का कुन्छाल बाजं खलः र पालुङ्ग बाजं खलः, थाहा नगरपालिका वडा नं. ६ का तेष्टुङ्ग बाजं खलः, द्योला बाजं खलः, लिलाखेल बाजं खल), थाहा नगरपालिका वडा नं.९ का चित्लाङ्ग बाजं खलः(टौखेल) गरी ६ वटा खलःलाई खिं बाजा, ताः र बबूचा एक (एक सेट, थाहा नगरपालिका वडा नं.१ का कुलगांउ बाजं खलः)लाई खिं बाजा १ थान, थाहा नगरपालिका वडा नं.६का कोठननी बाजं खलःलाई धाःबाजा १ थान, कपाली समाजलाई म्वायली बाजा १ थान र बौद्ध गुम्बा (ओखर गाउं)लाई परम्परागत लामा झ्याम्टा १ थान हस्तान्तरण गरिएका थिए ।

टिस्टुङ हाम्रो प्राचीन संस्कृति र सभ्यताको धरोहर हो, परिचायक हो । धर्मसंस्कृतिप्रति बढ्दै गएको बेवास्ताका कारण यस्ता प्राचीन स्थलहरू ओझेलमा पर्दै गएका छन् । टिस्टुङको जुन इतिहास रहेको छ, त्यो अहिले ओझेलमा पार्ने प्रयास हुँदै गएकोमा स्थानीयले चिन्ता व्यक्त गरेका छन् । हाल यो क्षेत्रलाई थाहानगरमा नामकरण गरिँदा टिस्टुङको इतिहास नै लोप हुनसक्ने गुनासो छ । त्यसकारण यस्ता पक्षमा पनि सम्बन्धित निकायको ध्यान जानुपर्ने उनीहरूको भनाइ छ ।

टिस्टुङ नेवार जातिको इतिहास बोकेको र प्राकृतिक रूपमा पनि समृद्ध स्थान हो । यो क्षेत्रको संवर्द्धन गर्न सके भोलिका पिँढीले हाम्रो इतिहास, धर्मसंस्कृतिलाई बुझ्नका लागि विदेशी देशका लाइब्रेरी धाउनु पर्दैन । टिस्टुङ जस्तै प्राचीन सभ्यता बोकेका धेरै स्थान नेपालभर रहेका छन् । तिनीहरूले इतिहास, जातजाति, धर्मसंस्कृतिको प्रतिनिधित्व गर`का छन् । त्यस्ता क्षेत्रको संरक्षण गर्नु हामी सबैकौ कर्तव्य हो । समयक्रमअनुसार परिवर्तन आवश्यक छ । तर, त्यस्तो परिवर्तनले हाम्रो इतिहास नमेटोस्, परिचय नै नबदलियोस्, त्यसतर्फ भने हामी सचेत हुनै पर्छ ।

घुम्न जाऔं कुन्छाल....

पुजामा सहभागी हुँदै कुन्छालबासी साथमा हाकुपटासीमा सजिएका महिलाहरु । ● फाइल फोटोः विकास

परेको ऐतिहासिक कुन्छाल गाउँको पर्यटकीय महत्वको प्रचार प्रसार गरिदिन उनीहरू भेट्यो कि अनुरोध गर्छन् । गाउँमा पत्रकार पुगोस् वा जनप्रतिनीधि कुन्छालको प्रबर्द्धन र प्रचार गरिदिन आग्रह गरेकै हुन्छन् । कुन्छाल गाउँलाई सुन्दर र मनोरम होम स्टे गाउँमा परिणत गर्ने गोपालीको प्रण छ ।

कुन्छालको कहानी

ऐतिहासिक गोपाली जातीको घना वस्ती रहेको यो गाउँ हेर्दै लोभलाग्दो छ । धेरै र बुट्टेदार झ्याल र रातो टायलका छानो भएका पुराना घरहरू टाढाबाट राताम्मे देखिन्छन् ।

गाउँमा हुने नेवारी संस्कृति र परम्परा नै कुन्छाल गाँउको विशेषता हो । कुन्छाल भएको उपत्यकाको नाम टिष्टुङ हो । त्रिभुवन राजपथबाट ओरालो भर्दाभर्दै एउटा निकै सुन्दर बस्तीले स्वागत गर्छ । एकैनासका घरहरू रहेको उक्त बस्ती मकवानपुर जिल्लाको टिष्टुङस्थित एउटा कुनातिर अवस्थित रहेकाले कुन्छाल गाउँका नामले रूपमा परिचित छ । सुन्नुभएको होला, काठमाडौंमा राज्य गर्ने पहिलो वंश 'गोपाल वंश' लखेटिएका थिए । लखेटिएर शासकहरू कुन्नी कता गए, तर तिनै गोपाल वंशको खलक भने कुन्छाल गाउँमा छन् ।

कुखुरा बासे अनिष्ट

यो गाउँका गोपालीहरूले आजसम्म कुखुरा पालेका छैनन् । गाउँमा कुखुराको भाले बासेमा रोगब्याधी लाग्ने अन्धविश्वासमा रहेको यो पुस्ता कुखुरा र अण्डा खान त परै जाओस् छुनसम्म हिचकिचाउँछ ।

टोलका नाइके चन्द्र बहादुर गोपाली भन्छन-'कुखुरा बास्यो भने कहिले बालीमा असिना लाग्छ त कहिले मान्छेलाई रोगले सताउँछ ।' त्यसैले यो पुस्ता नेपाली समाजको लोकप्रिय कुखुरादेखि पर छ ।

बुझ्ने समाज, हेर्ने नाच

कुन्छालमा १२ वर्षे नाचको झलक हेर्न सकिन्छ । कुन्छालका गोपालीहरू गाउँका होम स्टेमा आउने पर्यटकहरूका लागि डबलीमा यस्तो नाचको झलक देखाउँछन् । बाह्रवर्षे नाच परम्परागत राज परिवारको कथामा आधारित छ । प्रेम कहानीमा आधारित यो नाच तान्त्रिक विधिबाटै संचालन गरिन्छ ।

यो नाच अलिक वियोगान्त हुन्छ । कामापुरी र चन्द्रपुरी राज्यका राजकुमार र राजकुमारी बीचको प्रेम सम्बन्धलाई यो नाचमा प्रहसन सहित देखाइन्छ । कुन्छाल घुम्न आउने पर्यटकले यो नाचको झलक औंधी मन पराउँछन् । कला संस्कृतिको अनुसन्धनकर्ताहरूका लागि पनि यो नाच अब्बल मानिन्छ ।

देवीदेखि जोगी नाचसम्म हेर्न पाइने

कुन्छालमा तान्त्रिक विधिबाट अरू विभिन्न देवी देवताको नाच देखाइन्छ । पर्यटकहरू यस्ता परम्परागत नाच कुन्छालमा धितमर्ने गरी हेर्छन् ।

पर्यटकका लागि सास्कृतिक नाचहरूलाई प्याकेजकै रूपमा देखाउन सक्ने भएर बस्न तयारी थालेका छन् । यहाँ देवी, गणेश, बाराही, सात कन्या, भैरब, पाँच कन्याको विशेष नाच हेर्न सकिन्छ । यसका साथै हिले नाच, जोगी नाच, राजारानी नाच, यहाँको विशेषता नै हो ।

कुन्छालमा कार्तिक भजन अर्को विशेषता हो । गाउँको बीचमा रहेको डबली छेवैको फल्वामा बसेर बेलुकी यो भजन गाइन्छ । यो भजनले कुन्छाल पुग्ने जो कोहीलाई पनि आनन्दित तुल्याउँछ ।

बैवाहिक चलन भिन्दै छः

कुन्छाल नेवारी बस्ती हो । यहाँका नेवार समुदाय अरू भन्दा बेग्लै छन् । सबै भन्दा अचम्मको कुरा त के छ भने विवाहका लागि केटीको अन्तिम टुङ्गो जनै पूर्णिमाको भोलिपल्ट अर्थात गाइजात्राको दिनमा मात्र लगाउनुपर्छ । अरू दिनमा वरवधुको छिनोफानो गरे उनीहरू आफ्नो संस्कृति विपरित मान्छन् । विवाहको लागि लगन खासै हेरिदैन त्यसैले श्रीपञ्चमीको दिन मात्र मागी विवाह गर्छन् । विवाहको दिन बेहुलो दुलही लिन जानै पर्दैन । बाबुआमा आफन्त र जन्ती गएर दुलही ल्याउने परम्परा गोपालीहरूको छ ।

तर कुरा मात्रै चलाउन भने जहिले पनि मिल्छ । त्यसैले कुन वर्ष कति जनाको विवाह रीतिपूर्वक भयो भन्ने कुरा गाउँलेलाई कण्ठै हुन्छ ।

गाउँघर, नाइके, थकाली र बहिदारकै भर

पर्यटकीय 'गन्तव्य गाउँ' कुन्छालमा तीन वटा मुख्य टोल छ । मुख्य तीनवटा टोलको नाम भुकुन्डोल, कोपाङा अर्थात तल्लो र थापाङा अर्थात माथ्लोटोल रहेको छ । कुन्छालमा ५ जना नाइके छन् । उनीहरू आफ्ना गाउँका नाइकेहरूलाई नायः भन्छन् ।

त्यस्तै थकाली पनि ५ जना नै रहेका छन् भने बहिदार तीनजना रहेका छन् । धामी एकजना रहेका छन् । यी तीन तहले नै कुन्छालको संस्कृतिलाई धानेका छन् । उनीहरू मध्ये नायहरू चाडबाड परम्परा कहिले पर्छ भनेर एकिन गर्छन्, पुजाआजा कहिले गर्ने भनेर टुङ्गो लगाउँछन् । नाइकेहरूले तोकेको कामको सबै व्यवस्थापन थकालीहरू गर्छन् । थकाली टोलकै ज्येष्ठ नागरिकलाई बनाइएको हुन्छ । यसो हुँदा कहिले काँही नाइके र थकाली एकै व्यक्ति पनि पर्छन् । बहिदारहरूले हिसब किताब राख्छन् ।

बहिदारहरूले यतिसम्म हिसाब राखेर समुदायलाई एकीकृत गर्छन् कि मलामी नगएको समेत बहि अर्थात खाता बनाउँछन्, जरिवाना लगाउँछन् । मलामी नगए कुन्छालमा बीस रूपियाँ तिर्नुपर्छ । त्यस्तै गुठीको खेतमा रोपाई, धान गोड्ने, काट्ने, चुट्ने तथा खेत खन्न गए नगएको हिसाब बहिदारले राख्छन् । गुठी खेतमा जोत्नको लागि गोरू पाल्ने घरले पालेपालो जोत्न लानुपर्छ ।

सामूहिक काममा हाजिर नभई तिर्नुपर्ने जरिवाना वर्षमा दुई वटा चाडको अघिसम्म भुक्तान गरिसक्नु पर्छ । यस्तो जरिवाना भोसाला गुठी अर्को सुना गुठी पर्वसम्म तिर्नुपर्ने नियम छ । कुन्छालमा वैशाख पूर्णिमा नजिक तिर भोसाला पर्छ भने सुनागुठी मंसिर पूर्णिमाको दिन मनाइन्छ । यस दिन एउटै खड्कुलोमा पकाएको भोज गाउँभरीकाले खान्छन् । कुन्छालका गोपालीहरूको यो दुई मध्ये भोसला गुठीमा सहभागिता बढ्ता देखिन्छ ।

कुन्छालमा पुरानो पुस्तामा मुखिया प्रथालाई उनीहरूले थकाली प्रथाका रूपमा मान्दै आएका छन् । यहाँ जो पाको हुन्छ उसैलाई थकालीका रूपमा मान्ने चलन छ । टोलका चन्द्रबहादुर जस्तै अरू चार जना मुल नाईके छन् । उनीहरूलाई थकालीले सहयोग गर्छन् । नाइके वंशाणुगत हुन्छन् भने थकाली ज्येष्ठताको आधारमा तोकिन्छन् । यहाँका गोपालीहरू सामुहिकतामा विश्वास गर्छन् ।

पहिचान नै पोशाक

कुन्छालका नेवार समुदायको पहिचान नै हाकुपटासी हो । त्यो पनि आफै बुन्छन् । घरमा नयाँ बुहारी भित्रिए पनि हाकु पटासी नै उपहार दिनुपर्छ । यो उनीहरूको आफ्नै परम्परा हो । प्राय सबै घरमा परम्परागत घरेलु हाते तान छ । उनीहरू यहि तानको सहायताले कपडा बुन्छन् ।

घरेलु तानमा घरबुना कपडा बुन्दै स्थानीय महिला । ● फाइल फोटोः विकास

गाउँलेको व्यावसाय मात्र नभएर पर्यटनको सम्भावना पनि रहेको घरबुनाको परम्परा जोगाउन नगरले योजना सञ्चालन गर्न नसकेपनि गैरसरकारी संस्थाले यसको पहल लिएकोमा कुन्छालवासी दंग छन् । गाउँकै गोपाली युवाहरू संगठित निष्पक्ष युवा समुहले यस्तो पहल गरेको हो । पहिला पहिला परम्परागत तान र कपडा बुनेको हेर्न छिमेकी जिल्ला देखी मानिसहरू आउने गरेका थिए ।

केही वर्ष पहिले जीविकाको माध्यम बनेको तान र घरबुनाको ऐतिहासिक र पर्यटकीय महत्व बुझेर स्थानिय गोपाली युवाहरू यसको संरक्षणमा लागेका छन् । पर्यटकलाई लक्षित गरि यहाँको घर बुना उत्पादनको प्रवर्द्धन गर्ने लक्ष्य पनि स्थानीय युवाहरूले राखेका छन् । त्यसका लागि घरबुनाको तालिम सञ्चालन समेत गरिएको थियो ।

परम्परागत रूपमा गोपाली महिलाहरूको विवाहमा तीन धार्नी धागो दाईजो दिने प्रचलन थियो । केटीको मामाले अनिवार्यरूपमा पाठी दिने चलन छ । उक्त

बाँकी पृष्ठ ५ मा

कुन्छालको डबलीमा नाच देखाउँदै गोपालीहरु । ● फाइल फोटोः विकास

महामारी फैलिए खै त बजेट ?

◆ रविन्द्र घिमिरे

प्रत्येक जिल्लामा पुग्ने पशुसम्बद्ध बजेट चालु आर्थिक वर्षदेखि सीधै गाउँ तथा नगरपालिकामा पुगेको छ । तर, गाउँपालिका र नगरपालिकाहरूले पशु स्वस्थ्यसम्बन्धी कार्यक्रम निर्माण र बजेट विनियोजनमा ध्यान दिएनन् ।

यसले पशुपन्छीमा रोग तथा संक्रमणको महामारी फैलिएको समयमा नियन्त्रणमा लिन ठूलो समस्या पर्ने गरी जोखिम बढेको निश्कर्ष पशुपन्छी विकास मन्त्रालयले निकालेको छ । वित्तीय समानीकरण अन्तर्गत पहिले जिल्ला पशुसेवा कार्यालयमा जाने रकम अहिले स्थानीय तहमा सीधै पठाइएको छ । तर, बजेट बनाउँदा अधिकंश स्थानीय तहले पशु र कृषिसम्बद्ध कार्यक्रमहरूलाई प्राथमिकता नदिएको भेटिएको मन्त्रालयका प्रवक्ता सहसचिव श्याम पौडेल बताउँछन् ।

धेरै स्थानीय तहले आकस्मिक अवस्थाका लागि पशुपन्छीसम्बन्धी क्षेत्रमा एक रूपैयाँ पनि बजेट नछुट्याएको अवस्था देखिएको छ । बजेट बनाउँदा ज्ञान र अनुभवको अभावमा यस्तो भएपनि यसले महामारी नियन्त्रणमा भने चुनौति थपेको अधिकारीहरू बताउँछन् ।

'डोजर किन्ने र सडक बनाउनेमा जनप्रतिनिधिको बढी चासो छ,' पौडेलले भने,'तर, पशु स्वास्थ्यमा कार्यक्रममा स्थानीय तहले खासै ध्यान नदिँदा महामारी फैलिए कसरी बजेट ब्यवस्थापन गर्ने भन्ने समस्या आयो ।'

स्थानीय तहले बनाएका पशु स्वास्थ्य कार्यक्रमहरूबारे जानकारी लिन अहिले उनी कर्णाली क्षेत्रका गाउँपालिकाहरूमा पुगेका छन् । तर, अधिकांश गाउँ तथा नगरपालिकाहरूमा पठाइएको बजेटअनुसार पशुपन्छी सम्बद्ध कार्यक्रम नै बनेकाले समस्या पर्न सक्ने पौडेल बताउँछन् । पशुपन्छीमा लाग्ने महामारी छिटो नियन्त्रण नभए त्यसले विकराल रूप लिन्छ । त्यसैले स्थानीय तह बजेट अभावको समस्या देखाएर बस्ने र जिल्ला तथा केन्द्रसँग पनि त्यसको लागि कार्यक्रम नहुने अवस्थाले जोखिम बढेको छ ।

गाउँ तथा नगरपालिकाहरूलाई पशुपन्छी मन्त्रालयले ३० लाखदेखि २ करोडसम्मको बजेट बनाएको बताएको छ । तर, कार्यक्रमहरू सबै विकास लक्षित हुँदा सरकारका विभिन्न लक्ष्यहरू हासिल गर्न पनि अप्ठेरो हुने अवस्था आएको छ ।

'हामी दूध र मासुमा आत्मनिर्भर बन्ने नीति लिएर हिँडेका छौं । तर, स्थानीय तहमा त्यसका लागि कार्यक्रम नै बनेका छैनन्' प्रवक्ता पौडेलले प्रश्न गरे ,'स्थानीय तवरमा प्रोत्साहन, प्रवर्द्धन र सहजीकरणको काम नभएपछि केन्द्रले बनाएको योजना कसरी कार्यान्वयन हुन्छ ?' पछिल्लो समयमा मन्त्रालयले पशु स्वस्थ्यका कार्यक्रममा विशेष ध्यान दिन गाउँपालिकालाई अपौपचारिक रूपमै आग्रह गर्न सुरू पनि गरेको छ । केही गाउँपालिकाले रकमान्तर गरेर त्यस्ता भैपरी आउने समस्यासंग जुध्ने आश्वासन दिएका छन् ।

तर, धेरै स्थानीय तह भने यस विषयमा संवेदनशील नबनेको आरेप केन्द्र सरकारको छ । यसले गर्दा केन्द्र तहमै भएपनि आकस्मिक अवस्थाका लागि महामारी नियन्त्रण गर्ने कुनै कोष खडा गर्ने योजना पनि मन्त्रालयले बनाएको छ । 'केही केन्द्रस्तरका कार्यक्रमहरूबाट रकमान्तर गरेर भएपनि जोखिम व्यवस्थापनको तयारी थालेका छौं' प्रवक्ता पौडेलले भने,'स्थानीय तहलाई जानकार र जिम्मेवार बनाउने प्रयत्न पनि जारी छ ।'

मन्त्रालयले यस्ता समस्यालाई राष्ट्रिय योजना आयोगसहित सम्बन्धित मन्त्रालयमा पनि औपचचरिक रूपमा पत्र लेखेरै जानकारी गराएको छ । स्थानीय तहलाई पशुपन्छीको बजेट समानीकरण भन्दा सशर्त अनुदानका रूपमा दिन सुझाव दिएको छ । सर्शत अनुदान दिँदा केन्द्रका नीतिलाई सम्बोधन हुने गरी कार्यक्रम बन्न प्रोत्सहान हुने र अत्यावश्यक बजेट विनियोजनमा स्थानीय तह नचुक्ने विश्लेषण मन्त्रालयको छ । 'स्थानीय तहलाई विकासको भोक छ । तर, विभिन्न सेवासम्बद्ध क्षेत्रमा लगानी गर्ने कुरा प्राथमितामा छैन,' प्रवक्ता पौडेलले भने,'कुल राष्ट्रिय उत्पादनमा ठूलो हिस्सा राख्ने कृषि तथा पशुपालन क्षेत्रमा स्थानीय तहले राम्रो कार्यक्रम दिन सकेनन् भने देशले नोक्सान बेहोर्नुपर्ने हुन सक्छ ।' पशुपन्छी पालनमा जस्तै समस्या कृषितर्फ पनि देखिएको मन्त्रालयले जनाएको छ । कृषिको बजेट तथा कार्यक्रममा स्थानीय तहले जति बढी रकम खर्चिन सक्यो उति नै लाभ मिल्ने पौडेल बताउँछन् ।

'थाहामा बजेट व्यवस्थापन हुन्छ'

थाहा नगरपालिकाले कृषि प्रवर्द्धन शीर्षकमा भने केही बजेट विनियोजन गरेको छ । सरकारले स्थानीय तहमा पठाएको वित्तिय समानिकरण बजेटमा पशु र कृषि विकासको बजेट पठाएको भए पनि कार्यक्रम नै तोकेर थाहा नगरपालिका लगायत अरू धेरै स्थानीय तहले पनि बजेट छुट्याएका थिएनन् । यद्यपी थाहा नगरपालिकाले कृषि र पशु विकासका लागि कार्यक्रम अनुसार नै बजेट व्यवस्थापन गर्न गृहकार्य गरी रहेको कार्यकारी अधिकृत हरिलाल पुरीले जानकारी दिए । उनले भने- 'कृषि र पशु यस क्षेत्रको मुख्य आयआर्जनको स्रोत भएकोले यसकै प्रवर्द्धनको लागि बजेट व्यवस्थापन गर्छौं ।'

त्यसो त थाहानगर कार्यपालिकाले भने यस अघि विषयगत कृषि, पशु, वनलगायतको बजेट केन्द्रमा माग गर्ने निर्णय गरेको थियो ।

थाहा कला केन्द्रका प्रशिक्षार्थीलाई मुक्तानले दिए छात्रवृत्ति

◆ विकास समाचारदाता

थाहानगरमा कला संस्कृति संरक्षण र प्रवर्द्धनमा क्रियाशील थाहा कला केन्द्रका ९ जना प्रशिक्षार्थीले छात्रवृत्ति स्वरूप पोशाक पाएकाछन् । कला केन्द्रमा नृत्य, संगीत तथा गायन सिकिरहेका जेहेन्दार प्रशिक्षार्थी मध्ये कालीखोलाकी कौशल्या वाइवा, गोलढुङ्गाकी सुस्मिता तितुङ, देउखेलकी सुनसानी थिङ,थाहा नगरपालिका ओखरबजारका सनुप श्रेस्ठ, भाङखोरीयाकी आर्बिनी सिनतान, कल्पना सिन्तान, शान्ति सिन्तान तथा खानगिाउँका सन्तोष तामाङ र गोपालीगाउँकी बिनिता गोपालीले पोशाक पाएको केन्द्रका अध्यक्ष सानोबाबु मुक्तानले जानकारी दिए । अहिले कला केन्द्रमा ५७ जना प्रशिक्षार्थी छन् ।

कला केन्द्रका मिहिनती तथा जेहेन्दार प्रशिक्षार्थीहरूलाई स्थानीय सानुभाई मुक्तानले सहयोग गरेका हुन् । मुक्तान हाल नेपाली सेनामा कार्यरत तथा स्थानीय समाजसेवी हुन् । उनले थाहा कला केन्द्रका लागि यसअघि पनि विभिन्न बाद्यवादनका सामाग्रीहरू सहयोग गरेका थिए । स्थानीय कला संस्कृतिको संरक्षण र प्रवर्द्धनमा प्रतिवद्ध मोक्तानले कला केन्द्रले संचालन गरेको विभिन्न कार्यक्रमहरूमा पनि सहयोग गर्दै आएकाछन् ।

यसैबीच थाहा कला केन्द्रले समाज रूपान्तरणका लागि चलचित्र निर्माण अभियान संचालन गरिरहेको अध्यक्ष सानोबाबु मोक्तानले बताए । यसका लागि कला केन्द्रले थाहा नगरपालिका, कैलाश गाउँपालिका, हेटौडा उपमहानगपालका र भिमफेदी गाउँपालिकामा सहकार्यको लागि प्रस्तावना पेश गरेको छ । समाजका

सानुभाई मुक्तान

विकृतिहरू चलचित्रको माध्यमबाट न्यूनिकरण गर्ने उद्देश्यले कला केन्द्रले यस्तो अभियान संचालन गर्न लागेको जनाएको छ । त्यस्तै विजया दशमीको अवसरमा कला केन्दका कलाकारहरूले थाहानगरमा आयोजना भएका विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाएका थिए ।

कला केन्द्रमा अहिले संगित प्रशिक्षक संजय कार्कीको प्रशिक्षणमा प्रशिक्षार्थीहरू शास्त्रीय संगति सिकीरहेका छन् । कला केन्द्रमा हाल गितार कक्षा पनि संचालनमा भइरहेको छ ।

पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको अध्यक्षमा लामा

◆ विकास समाचारदाता

पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको व्यवस्थापन समिति अध्यक्षमा वडा अध्यक्ष दिपकसिं लामा हुने भएका छन् । स्वास्थ्य केन्द्र थाहा नगरपालिका वडा नम्बर ४ मा पर्छ ।

स्वास्थ्य मन्त्रालयले स्थानीय स्वास्थ्य संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन समितीको मापदण्ड पुर्नगठन गरेको गरे पश्चात् स्वास्थ्य केन्द्रको अध्यक्ष लामा हुने भएका हुन् । मापदण्ड अनुसार प्राथामिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीको व्यवस्थापन समिती अब जननिर्वाचित प्रतिनिधिको नेतृत्वमा हुने भएको हो ।

त्यस्तै थाहा नगरपालिकाको पालुङ स्वास्थ्य चौकीको अध्यक्षमा गुप्त बहादुर कार्की, बज्रवाराही स्वास्थ्य चौकी अध्यक्षमा शशीधर सुवेदी, चित्लाङ स्वास्थ्य चौकी अध्यक्षमा परशुराम श्रेष्ठ, टिष्टुङ स्वास्थ्य चौकी अध्यक्षमा किरणमान बल र आग्रा स्वास्थ्य चौकी अध्यक्ष टीकाराम रूम्बा हुने भएकाछन् ।

स्वास्थ्य मन्त्रालय मन्त्री स्तरको निर्णय अनुसार स्थानीय स्वास्थ्य संस्थाको संरक्षकमा सोही स्थानको जननिर्वाचित प्रतिनिधि मेयर अथवा गाउँपालिकाको अध्यक्ष हुने व्यवस्था गरिएको छ भने वडा अध्यक्ष व्यवस्थापन समितिको अध्यक्ष हुने निर्णय भएको छ ।

जुन वडामा प्राथामिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी छ त्यही वडाको वडा अध्यक्ष व्यवस्थापन समिति वा सञ्चालक समितिको अध्यक्ष हुनेछन् भने मेयर अथवा

दिपकसिं लामा

गाउँपालिकाको अध्यक्ष संरक्षक हुने निर्णय भएको स्वास्थ्य मन्त्री गिरिराजमणी पोखरेलका प्रेस संयोजक सुनिल खड्काले जानकारी दिए ।

जननिर्वाचित प्रतिनिधीको नेतृत्वमा बन्ने समिती ७ सदस्यिय हुनेछ । समितिमा अध्यक्षले मनोनित गरेको व्यक्ति उपाध्यक्ष हुने व्यवस्था गरिएको छ । सदस्यहरू स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयका प्रमुख, स्थानीय व्यापार संघको प्रतिनिधि, संरक्षकबाट मनोनित स्थानीय लब्ध प्रतिष्ठित एकजना महिला सहित एकजना वडा कार्यालयको अधिकृत गरी दुईजना सदस्य रहनेछन् ।

समितिको सदस्य सचिव भने प्राथामिक स्वास्थ्य केन्द्र अथवा स्वास्थ्य चौकी प्रमुख हुने मन्त्री स्तरीय निर्णय भएको छ ।

पालुङ बहुउद्धेश्यीयको मुनाफा २ करोड २८ लाख ७० हजार

◆ विकास समाचारदाता

पालुङ बहुउद्धेश्यीय सहकारी संस्थाले आर्थिक वर्ष २०७३/०७४ मा २ करोड २९ लाख मुनाफा गरेको संस्थाका अध्यक्ष बिमलकुमार ढकालले गत आर्थिक वर्षमा २ करोड २८ लाख ७० हजार खुद मुनाफा गरेको बताए । ढकालका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा मुनाफामा झण्डै ४२ प्रतिशत वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षमा १ करोड ६१ लख ६५ हजार खुद नाफा भएको थियो । चालु आर्थिक वर्षमा संस्थाले थप गत वर्षको भन्दा १० प्रतिशत मुनाफा बढाउने लक्ष लिएको छ । थाहा नगरको पालुङ बहुउद्धेश्यीय सहकारी संस्थाको १८ औं वार्षिक साधारण सभामा यस्तो जानकारी गराएका हुन् ।

साधारणसभा राष्ट्रिय सहकारी बैकका अध्यक्ष रमेशप्रसाद पोखरेलको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रममा प्रमुख अतिथी पोखरेलले कृषिको आधुनिकीकरणविना समृद्धि सम्भव नभएको बताएका छन् । 'कृषिको औजारीकरण, आधुनिकीकरण तथा व्यवसायीकरणविना आर्थिक समृद्धि सम्भव छैन,' पोखरेलेले भने ।

समारोहमा प्रमुख अतिथि पोखरेलसहित थाहानगरपालिकाका नगर प्रमुख लवशेर विष्ट, उपप्रमुख खड्ग

गोपाली, सूचना तथा संचार सहकारी केन्द्रीय संघका अध्यक्ष विष्णुहरि ढकाल, साना किसान सहकारी केन्द्रीय संघका लेखा समिति संयोजक महेश्वर सुवेदी, जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका सञ्चालक पार्वती राना, एमाले मकवानपुरका सल्लाहकार सदस्य राजु नापित, पत्रकार प्रताप विष्टले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

त्यस्तै नेपाल रेडक्रस सोसाइटीका जिल्ला समस्य हरिकृष्ण कार्की, सहकारीहरूको तर्फबाट निरन्जन अधिकारी, शेयर सदस्यहरूको तर्फबाट मधुसूदन विष्ट, संस्थाका उपाध्यक्ष सानोभाइ कार्की लगायतले बोलेका थिए । साधारण सभाको अवसरमा ज्येष्ठ नागरिकहरू पालुङ ८ का ९६ वर्षीय कलखबहादुर विष्ट र पालुङ ८ का ९० वर्षीय मिनाकुमारी बस्नेतलाई सम्मान गरिएको थियो । त्यस्तै ज्येष्ठ नागरिक सदस्यहरूमध्ये बज्रवाराही ५ का गोविन्दप्रसाद ढुंगाना र बज्रवाराही ४ की माहिली दमाई सम्मानित भएका छन् । त्यसैगरी कृषि कर्जा कारोबार, ब्यापारिक कर्जा कारोबार, दैनिक बचत कारोबर, बिशेष बचत कारोबार, लघुवित्त कार्यक्रम, महिला सशक्तीकरण लघुवित्त सदस्य, पाको शैक्षिक छात्रवृत्ति सम्मानअन्तर्गत उत्कृष्टहरूलाई सम्मान गरिएको संस्थाका सहव्यवस्थापक रामप्रसाद ढकालले जानकारी दिए ।

घुम्न जाऔं कुन्छाल....

धागोलाई स्थानिय भाषामा 'मादाँ' अर्थात मूल पुँजी भन्ने गर्छन् । सोही पुँजीको आधारमा पेवा बनाउने र घरखर्च चलाउने भएकाले यसले पारिवारिक रूपमा आर्थिक उपार्जनको परम्परा बसाएको थियो । त्यस्तै दुलहीलाई आफ्नो मामाले बाख्राको पाठी दिने परम्परा छ । यसले पनि विवाहपछि आयआर्जनको बाटो खोलेर पठाइएको हुन्छ ।

तान र चर्खा कुन्छालका घर-घरमा छन् । थाहा नगरपालिकाको शिखरकोट, न्हुलगाउँ, टौखेल, पापुङ, कुन्छाल, गहते गोपालीहरू कपडा बुन्न सिपालु छन् । करिब १५/२० वर्ष अघिसम्म केत्तुकेको पात र परालबाट बनेको घरेलु जुत्ता लगाउने यो पुस्ताले अहिले भने बजारका आधुनिक जुत्ता लगाउन थालेका छन् तर छालाको जुत्ता लगाउन भने अझै पनि हिचकिचाउँछन् । स्थानीय हाकुले गोपाली भन्दै थिए ।

पर्यटकलाई गाउँले खान्की

गाउँ नजिकैको ढुङ्बु खेतमा रोपेको धानको चामल नै कुन्छालबासी खानको लागि प्रयोग गर्छन् । गाउँ छेवैको बजारमा मिल आइसकेको भए पनि उनीहरूलाई घरकै ओखलमा कुटेको चामल खाँदा स्वादिलो लाग्छ । पर्यटकलाई उसिनेको चामलको भात खुवाउँछन् । होमस्टे संचालक श्याम कान्छा गोपाली भन्छन्-'बाह्रिय पर्यटक ब्राउन राइस भनेसी हुरक्कै ।' यो पर्यटकका लागि नयाँ स्वाद पनि हो । घरघरमै उड्कल भएपछि आफ्नै खेतको ताइचिनको चिउरा उनी डङ-डङ कुट्दै निफनेर पर्यटकलाई चखाउँछन् । सिस्नको सुप, खोले सागको तरकारीको गाउँले स्वाद पनि कुन्छालमै लिन सकिन्छ ।

गाउँमै फलेको खुर्पानीका, किवी नास्पाती र कोदोको स्थानीय वाइन कुन्छालको ब्राण्ड जस्तै भएको छ । पुगेका पर्यटकले त्यसको स्वाद नलिइ फर्कदै फर्कदैनन् । निगार र गुराँसको वाइन अर्कोथरी घरेलु स्वाद हो । नेवारी भोजको शैलीमा सामूहिक नेवारी खाना खान पाउने भएकोले कुन्छाल पुग्दा समुहिकताको महशुस हुन्छ । यहाँको सत्कारले सबैलाई एकतामा बाँधेको भान गराउँछ ।

'देउ ट्वाँ'बाटै सञ्चार

कुन्छाल गाउँमा केही अचानक सूचना गर्न परे गाउँको सिरानमा रहेको 'देउ ट्वाँ' मा पुगेर चिच्याएर संचार गरिन्छ । नाइकेले 'देउ ट्वाँ' पुगेर उर्दी लाएपछि गाउँले कार्यक्रम, पुजा आदि थाहा पाउँछन् । यस्तो सूचना दिने चौतारी सहितको डाँडालाई कुन्छालीहरू 'देउ ट्वाँ' भन्छन् ।

गुठीको धान काट्ने लगायतका समूहिक काम वा सामूहिक पुजाको दिन, बिर्सेलान कि भनेर यसरी सूचना दिने चलन पुरनो भएको नाइके कमल कान्छा गोपाली बताउँछन् । यति सूचना गर्दा-गर्दै पनि सगोलको काममा सहभागी नभए बहिदारले जरिवना लाइहाल्छन् । टोलमा बहिदार नाइकेले नै नियुक्त गर्छन् । 'मैले उर्दि लगाएपछि सबै उत्रनुपर्छ, डाँडामा गएर आज फलानोको रोपाई छ है, भनेर कराएपछि सबै आउँछन्'-नाइके द्वारिका गोपालीले भने । खेत खन्ने बेला, धान गोड्ने बेला वा धान रोप्ने बेलामा तिनै नाइकेको एक उर्दिका भरमा सिंगो गाउँले जम्मा हन्छन् । 'कहिलेकाँही ठूलो पुजा गर्ने बेलामा पनि 'देउ ट्वाँ' नै पुगेर खबर गर्छौं'-गोपालीले भने ।

कुन्छालको कोशेली

कुन्छाल घुम्न आउने पर्यटकले यहाँको रहनसहन, नेवारी संस्कृति मात्र होइन घरमा लैजाने कोशली पनि पाउँछन् । मूलाको सन्चना यहाँ प्रशिद्ध छ भने सिस्नो, गुन्द्रक, खोले साग, टिम्मुरको अचार घरैमा लगेर पनि खान सकिन्छ । त्यसो त यहाँ बाह्रै महिना हरियो तरकारी उत्पादन हुने भएकोले यो पनि कोशेलीकै रूपमा लैजान सकिन्छ । त्यस्तै गाउँकै उड्कलमा कुटेको चिउरा, ओखलमा कुटेको ताइचिन चामल यहाँको अर्को विशेषता भएकोले यसलाई पनि कोशेलीको रूपमा आफ्नो घर लैजान सकिन्छ भने घरबुना नेवारी पोशाक त झन यहाँको चिनो नै मान्छन् ।

मजबुद सुरक्षा

पर्यटकहरू जहाँ घुम्न जान्छन् सुरक्षाको सवाल कोट्याइ हाल्छन् । यहाँ सुरक्षाको लागि कुनै चिन्ता नै छैन । अर्मपर्मामा आधारित खेती र भोज भतेरमा यहाँका ओल्लो घरका मान्छेलाई पल्लो घरको चुलो चौको बुझगल सबै थाहा हुन्छ । केही सामान कसैको घरमा पुगे थाहा लागि हाल्छ । बहिदार अकल गोपाली भन्छन्-'यहाँका सबै आफन्त नै आफन्त, सबै दाजुभाइ त्यसले गर्दा पनि कुनै चोरी हुने कुनै शंका नै हुन्न ।' यहाँका बासिन्दा आफ्नो घरको पाहुना होस् वा अर्को सबैलाई आफ्नै ठान्छन् । यहाँको संस्कृति नै यस्तै छ । यहाँ आएका पर्यटक 'कन्फर्म' सुरक्षित छन् । सबैको साइनो र सम्बन्धले सबै सुरक्षित छौं बहिदार गोपालीले थपे ।

त्यसोतः कुन्छाल गाउँका नगन्य बासिन्दा बिच सामान्य भनाबैरी भएपनि आजसम्म अदालती मुद्दा नपरेको वडा सदस्य रूपचन्द्र गोपाली सुनाउँछन् । सामान्य भनाभैरीका केशहरू भने गाउँमै मिलाउँछन् ।

चुनौति पनि छः

पर्यटक आफैमा खर्चालु स्वभावका हुन्छन्, आन्तरिक होस् वा बाह्रिय पर्यटक । उनीहरूले किनेरै खानेकुरा खान्छन् । यसरी किनेर खादा बस्दा सफा चहान्छन् । कुन्छालमा बाक्लो बस्ती भएकोले घर वरिपरिको क्षेत्र सरसफाईमा कमी छ । एउटै घरमा वस्तुभाउ र मानिस बस्छन् । यसका लगि कुन्छालका किसानहरूको गोठ सुधारको कार्यक्रम आवश्यक छ । यसले सरसफाइलाई सहयोग पुग्छ ।

त्यस्तै भूकम्पपछिको पुनृनिर्माणमा ढिलाई हुनु अर्को चुनौति छ । पर्यटकीय गन्तव्यको रूपमा घोषणा भएको कुन्छाललाई पुर्ननिर्माणका लागि प्राथमिकतामा राख्नु आवश्यक छ । पाका पुस्ताको सीप, ज्ञान र ऐतिहासिक कुराहरू युवामा हस्तान्तरण हुन नसक्नु अर्को चुनौति हो । यसलाई हस्तान्तरणको प्रक्रिया बनाएर चुनौति चिर्नु आवश्यक छ । त्यसो भएमा परम्परालाई निरन्तरता दिन सकिन्छ ।

पाहुनालाई पकाएर खुवाउने आधुनिक सीपको पनि कुन्छालबासीमा कमी छ । यसका लागि रेसिपी ज्ञानको तालीमहरू दिनु पर्दछ । यसले पर्यटकलाई खानपानमा स्वाद चखाउन सकिन्छ र, कुन्छालप्रतिआकर्षित हुन्छन् । गाउँमा एक टोलबाट अर्को टोलसम्म पुग्ने बाटाहरूमा ढुङ्गा छापिएको छ । यद्यपी बाटाहरू पुराना भइसके यसकोसुधार गर्नुपर्ने छ । युवा पुस्ताको आकर्षण घरबुना कपडामा हुन छाडेपछि जातिय पहिचान बोकेको खेसको कपडा इतिहासमा सिमित हुने अवस्थामा पुगेको छ । यसलाई परम्परा होइन व्यवशायकै रूपमा विकास गर्ने योजना बनाउनु पर्दछ । यसले एकातिर आयआर्जन हुन्छ भने अर्को कुन्छालको पहिचान सधै उचो हुन्छ ।

कुन्छालको डबली छेवैको फाल्चामा कार्तिक भजन गाउँदै स्थानीय ज्येष्ठ नागरिकहरु । ● फाइल फोटोः विकास

कुन्छालबासीको गुठीको सगोलको खेतमा रोपाई गर्दै । ● फाइल फोटोः विकास

कुन्छाल गाउँ, सम्भावना र चुनौति

निराजन गोपाली

नेपाल पर्यटन बोर्ड तथा अन्य पर्यटनसंग सम्बन्धीत संघसंस्थाको पहलमा सन् २०१८ को लागि पर्यटकीय कुन्छाल 'गन्तव्य गाउँ' घोषणा भएको छ । मकवानपुरको कुन्छाल गाउँ थाहा नगरपालिका वडा नम्बर १ मा पर्छ । कुनछाल सहित स्याङजा र धादिङको एक/एक गाउँ पनि गन्तव्य घोषणा भएका छन् । यस अर्थमा कुन्छाल गाउँका बासिन्दाहरू धन्यवादका पात्र बनेका छन् । कुन्छाल गाउँ पर्यटकीय गाउँ किन घोषित भए त भन्ने अनगिन्ती प्रश्नहरू जन्मिन सक्छ ।

कुन्छाल गाउँ पुरानो बस्ती हो । एउटै समुदाय मात्रको बसोबास रहेको कुन्छाल गाउँमा गोपालीहरूको बसोबास रहेको छ । अन्य गोपाली बस्तीहरूमा भन्दा भिन्न संस्कृति रीतिरिवाजको कारण कुन्छाल गाउँ विशेष गाउँको रूपमा रहेको छ ।

कुन्छालमा मनाइने विविध चाडपर्वहरू आफ्नै मोलिक प्रकृतिका छन् । दशै होस् वा तिहार या जनैपूर्णिमा सबैको आफ्नै मौलिकता छ । विशेषतः कृषि पेशलाई नै मुख्य पेशाको रूपमा अवलम्बन गर्दै आएका यहाँका बासिन्दाहरूले आफ्नो साविक पेशाको अलवा अन्य कला संस्कृतिलाई पनि जगेर्ना गर्दै परम्परा धान्दै आएका छन् ।

यहाँ प्रदर्शन गरिने १२ वर्षे नाच संस्कृतिको जिउँदो दस्तावेजको हो । दुई रातसम्म प्रदर्शन गरिने यस नाचमा देवी देवता राजा रानी तथा अन्य पात्रहरूको महत्वपूर्ण भूमिका रहन्छ । विशेष तान्त्रिक विधिबाट यो नाच प्रदर्शन गरिन्छ । अर्को कुरा, यहाँ मनाउने हिले नाच, दाफा भजन विशेष चाडपर्व हुन् । यस्ता पर्वहरू जुन अवस्थाबाट शुरू गरिएको थियो त्यही अवस्थामा आाज दुरूस्तै ढंगबाट संचालन भइरहेका छन् ।

पर्यटकहरूका लागि विशेष आकर्षण रहने यस प्रकारका कला संस्कृति तथा परम्परा रहेको छ । त्यसैगरी यहाँ खाइने खाना पर्यटकका लागि विशेष बन्न सक्छ । विशेषतः आफ्नै उत्पादन खाइने यस गाउँमा मुख्य खाना ताइचिन चामलको भात, मकै तथा कोदोको ढिडो सागपात तथा अन्य तरकारीहरू, गुन्द्रुक मुलाको चाना विशेष मानिन्छ । परम्परागत रूपमा बनाइने उसिनेको चामल (ब्राउन राइस) र परम्परागत चिउरा पनि यस गाउँको चिनारी हुन सक्छ । प्राकृतिक रूपमा पाइने सिस्नो खोले सा पनि यहाँ उपलब्ध छ । मासुजन्य पदार्थ अन्तर्गत हाँस खसी बोका पनि खान सकिन्छ । पेय पदार्थ अन्तर्गत कोदो, किवि, खुर्पानी घरेलु वाइन तथा नियार र छ्याङ घर घरैमा उत्पादन हुन्छ र यस्ता खानेकुराहरू पर्यटकका लागि आकर्षण बन्न सक्छ ।

टायलै-टायलको छाना तथा सुन्दर प्राकृतिक दृश्यालोकनको दृष्टिले सुन्दर छ कुन्छाल । यहाँबाट नजिकै रहेको इन्द्रसरोवर ताल जहाँ जल विहार गर्न सकिन्छ । नजिकैको दामनबाट धेरै हिमश्रृङ्खलाहरू अवलोकन गर्न सकिन्छ । नेपालकै ठूलो चौर चित्लाङको बाख्रा विकास फार्म तथा पैदल यात्राको लागि विभिन्न क्षेत्र, हाइकिङको लागि मुलाबारी चौर उत्कृष्ट गन्तव्य बन्न सकन्छ । साथै, धार्मिक दृष्टिले महत्वपूर्ण ऋषेश्वर महादेव, पाण्डुकेश्वर, बज्रवाराही मन्दिर, पुरानो गणेश मन्दिर, कुन्छालमा रहेका पुरानो ढुङ्गे धारालगायत पर्यटकका लागि उत्कृष्ट गन्तव्य हुन सक्छ ।

यद्यपी यि सबै भइकन पनि विभिन्न चुनौतिहरू रहेको छ । वि.सं. २०७२ सालको भूकम्पपछिको पुर्ननिर्माण तत्कालको आवश्यकता हो । गाउँको सरसफाईलाई विशेष प्राथमिकता दिनू पर्ने देखिन्छ भने गोरेटो सुधार, होमस्टेको समुचित व्यवस्थापन तथा तालीम व्यवस्थापन गर्न थाहा नगरपालिका, जिल्ला समन्वय समितिको ध्यान पुऱ्याउन सकेको खण्डमा गन्तव्य गाउँ घोषणाले सार्थकता पाउँदछ । र, कुन्छाल गाउँ समग्र जिल्ला तथा नगरकै वास्तविक सम्पत्तीको रूपमा स्थापित हुनेमा दुईमत छैन ।

ज्योति रायमाझी सिफारिस

◆ विकास समाचारदाता

आउँदो मंसीर २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि नयाँशक्ति पार्टी मकवानपुरले २ नं. क्षेत्रमा ज्योति र ायमाझीलाई उमेदवार बनाउन सिफारिश गरेको छ ।

नयाँ शक्तिले रायमाझीसहित सोनामसिं स्याङ्तान र सुरेन्द्र भट्टर ाईलाई उमदवार सिफारिश गरेको हो । प्रतिनिधि सभा निर्वाचनका लागि नयाँ शक्तिले क्षेत्र नं. १ बाट प्रल्हाद लामिछाने, जीवनमान मोक्तान र मिनु वाईवाको नाम सिफारिश गरेको छ ।

त्यस्तै नयाँ शक्तिले मकवानपुरको ४ वटै प्रदेशसभाको लागि केन्द्रीय समितिमा उम्मेद्वार सिफारिस गरेको छ । वाम गठबन्धमा सूर्य चुनाव चिन्हबाट निर्वाचनमा जान लागेको नयाँशक्तिले मकवानपुरबाट कम्तिमा एक निर्वाचन क्षेत्रको माग समेत गरेको छ । प्रतिनिसभा क्षेत्र नंबर १ अर्न्तगत प्रदेश सभा क्षेत्र नंबर १ मा नवराज चौंलागाँई, आशमान राईलगायत सिफारिस भएकाछन् ।

थाहानगरमा नि:शुल्क आ□खा शिविर हुने

◆ विकास समाचारदाता

थाहा नगरपालिकाको पालुङ र बज्रबाराहीमा निशुल्क आँखा शिविर हुने भएको छ । नेपाल नेत्रज्योति संघ, लायन्स क्लब अफ पिस थाहा र लियो क्लब अफ पिस थाहाको आयोजनामा शिविर संचालन हुन् लागेको हो ।

पहिलो दिन पालुङ् बहुउद्धेश्य सहकारी सस्थाको सभाहल र श्री भम्केश्वरी माविमा शिविर संचालन हुनेछ । त्यस्तै दोश्रो दिन सर्वसाधारणका लागि बज्रबाराही स्वास्थ्य चौकी र बिद्यार्थीहरूका लागि श्री सुनौला माबि कुन्छालमा शिविर हुनेछ । त्यसै गरि तेश्रो दिन बिद्यार्थीहरूका लागि जनकल्याण माबि पालुङ्मा शिविर संचालन हुनेछ ।

शिविरमा आउने बिद्यार्थीहरूलाई चस्मा समेत निशुल्क प्रदान गरिने भएको छ । त्यस्तै मोतिबिन्दु भएका बिरामीहरूलाई ल्याउनेरलैजाने ब्यबस्थासहित निशुल्क शल्यक्रिया गरिने छ । असोज २४ गतेदेखि संचालन हुने शिविर तीन दिनसम्म चल्ने आयोजकले जनाएको छ ।

मकवानपुर एमालेले समानुपातिक उमेद्वार सिफारिस गऱ्यो

◆ विकास समाचारदाता

नेकपा एमाले मकवानपुर जिल्ला कमिटिले आउँदो २१ मंसीरमा हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको लागि मकवानपुरबाट समानुपातिक उम्मेद्वारको नाम पार्टीको प्रदेश कमिटिलाई सिफारिस गरेको छ ।

एमाले मकवानपुरको जिल्ला कमिटि बैठकले करिब २ दर्जन नेताहरूको नाम प्रतिनिधि तथा प्रदेशसभाको समानुपातिक तर्फ सिफारिस गरेको हो ।

प्रतिनिधिसभामा सिफारिस भएका समानुपातिक उम्मेद्वारको नामावली

१. केदार न्यौपाने
२. जुनेली श्रेष्ठ
३. श्रीचन्द्र शर्मा
४. विष्णु ओझा
५. गोमा तिमल्सिना
६. हरि पण्डित

प्रदेशसभा तर्फ समानुपातिकमा सिफारिस भएकाहरू:

१. मुनु सिग्देल
२. एकालाल श्रेष्ठ
३. मदुसुधन खतिवडा
४. गणेश रसाईली
५. सुन्तली चेपाङ
६. फुर्वा लामा
७. सर्मिला विक
८. राजु नापित
९. रामचन्द्र बल
१०. महेश्वर सुवेदी
११. मेनका दाहाल
१२. घनप्रसाद गौतम
१३. गौतमबुद्ध लामा
१४. कल्याणविक्रम घलान
१५. नरहरी महत
१६. चन्द्रबहादुर मोक्तान
१७. भोला रूपाखेती
१८. तेजप्रसाद रूपाखेती
१९. श्याम ढकाल
२०. रामबहादुर गोले
२१. अशोक लामा
२२. इन्द्रबहादुर लोप्चन
२३. नवराज सुवेदी

प्रदेशमा ७ मन्त्रालय सहित प्रमुखको मापदण्ड तयार

◆ विकास समाचारदाता

सरकारले तयार पारेको प्रदेशमा रहने मन्त्रालयको प्रारम्भिक खाकाअनुसार प्रदेशमा ७ मन्त्रालय प्रस्ताव गरेको छ। प्रदेशमा नियुक्त हुने प्रदेश प्रमुखको मापदण्डसमेत तयार पारिएको छ।

सामान्य प्रशासनमन्त्रीको अध्यक्षतामा गठित अधिकारसम्पन्न संघीय प्रशासनिक पुनःसंरचना समितिले प्रदेशमा रहने मन्त्रालयको संख्या प्रस्ताव गर्दै प्रदेश प्रमुखको नियुक्तिसम्बन्धी मापदण्ड तयार पारेको हो। समितिले प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयसहित सुरूमा सात मन्त्रालय स्थापना गर्न प्रस्ताव गरेको छ।

सामान्य प्रशासनमन्त्री टेकबहादुर बस्नेतले प्रदेशको निर्वाचन घोषणा भइसकेकाले प्रदेशका सम्भावित मन्त्रालयको खाका तयार पारिएको जानकारी दिए। हाल प्रदेशमा मन्त्रालयको कुनै संरचना छैन। खाका निर्माणसँगै प्रदेशमा मन्त्रालयलगायत अन्य कार्यालय स्थापना क्रम सुरू हुने मन्त्री बस्नेतले बताए। प्रदेशमा आवश्यकताअनुसार मन्त्रालयको संख्या थपघट हुन सक्ने मन्त्री बस्नेतले जानकारी दिए। समितिले यसअघि नै संघीय सरकारमा बढीमा १८ वटासम्म मन्त्रालय राख्न प्रस्ताव गरिसकेको छ। प्रस्तावअनुसार प्रदेशमा रहने अन्य मन्त्रालयमा प्रदेश गृह मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, प्रदेश पूर्वाधार विकास मन्त्रालय, प्रदेश कृषि तथा भूमि व्यवस्थापन मन्त्रालय, प्रदेश वन, विज्ञान तथा वातावरण मन्त्रालय र प्रदेश शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय छन्।

समितिले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी प्रदेश मन्त्रालयको प्रस्ताव गरे पनि संघीय मामिला मन्त्रालयले भने प्रदेशमा पनि स्थानीय विकास र संघीय मामिला मन्त्रालय रहनुपर्ने सुझाव दिएको थियो। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेशकुमार थपलियाले उच्चस्तरीय समितिले बनाएको प्रदेश मन्त्रालयको खाका केही अपूर्ण रहेको बताए । त्यसमा थपघट गर्नु आवश्यक रहेको सचिव थपलियाले जानकारी दिए। प्रस्तावित प्रादेशिक मन्त्रालयको काम र क्षेत्राधिकारसमेत निर्धारण गरिएको छ।

यस्तो छ, प्रदेश प्रमुखको मापदण्ड

संविधानको धारा १६३ बमोजिम प्रदेश प्रमुख हुन संघीय संसद्को सदस्य हुन योग्य भएको, ३५ वर्ष पूरा भएको र कुनै कानुनले अयोग्य नभएको हुनुपर्ने उल्लेख छ । समितिले तयार पारेको मापदण्ड अनुसार प्रदेश प्रमुखमा नियुक्त हुने व्यक्ति राजनीतिक व्यक्ति भए पनि संविधान, कानुन र प्रशासन क्षेत्रमा अनुभव प्राप्त भएको हुनुपर्ने, राष्ट्रिय जीवनमा ख्यातिप्राप्त र स्वच्छ छवि भएको, उच्च नैतिक चरित्र भएको हुनुपर्ने, निष्पक्ष भूमिका निर्वाह गर्न सक्ने, सबै राजनीतिक दलका लागि स्वीकार्य व्यक्तित्व हुनुपर्ने, कुनै लाभको पद धारण नगरेको हुनुपर्नेलगायत छन्। मापदण्ड नपुगेका व्यक्तिलाई सरकारले प्रदेश प्रमुखमा नियुक्त गर्न पाउने छैन। संविधानअनुसार मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखलाई राष्ट्रपतिले नियुक्त गर्ने प्रावधान छ। प्रदेश कार्यकारिणी कायम नहुँदासम्म सरकारको निर्देशनमा प्रदेश प्रमुखले प्रदेशको कार्यकारिणी अधिकार समेत प्रयोग गर्न सक्ने संवैधानिक व्यवस्था छ। प्रदेश प्रमुखले प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद् गठन हुनेछ।

प्रमुखसँगै प्रदेश प्रशासक पनि नियुक्त गरिने

मन्त्री बस्नेतले प्रदेश प्रमुखसँगै तत्काल सबै प्रदेशमा ११ जना प्रशासक पठाइने तयारी भएको जानकारी दिए। प्रदेश प्रशासकका रूपमा भने सरकारको सचिवस्तरका कर्मचारी पठाइनेछ । प्रशासकले प्रदेशका सरकारी कार्यालयका कामकारबाही सहज बनाउन, केन्द्र र प्रदेश कार्यालयबीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने मन्त्री बस्नेतले जानकारी दिए।

निशु:ल्क आँखा शिविर
यहि मिति २०७४ असोज २४, २५ र २६ गते थाहा नगरपालिकाको विभिन्न स्थानहरूमा निशुल्क आँखा शिविर हुने हुँदा आँखाका बिरामीहरूले उक्त शिविरमा सहभागी भई आखाँ परिक्षण गराउनु हुन अनुरोध गरिन्छ ।
विद्यार्थीहरुका लागि निशु:ल्क चस्मा
आँखा शिविर हुने मिति, समय र स्थानहरु
असोज २४ गते: विहान १० बजेदेखि पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.को सभाहल र विद्यार्थीहरुको लागि श्री भम्केश्वरी मावि ओखरबजार
असोज २५ गते: विहान १० बजेदेखि बज्रबाराही स्वास्थ्य चौकी बज्रबाराही र विद्यार्थीहरुको लागि श्री सुनौला मावि कुन्छाल
असोज २६ गते: विहान १० बजेदेखि विद्यार्थीहरुको लागि श्री जननकल्याण मावि, पालुङ
मोतियाविन्दु हुने बिरामीहरुका लागि लाने ल्याउने सहित निशु:ल्क शल्यक्रियाको व्यवस्था
स्थानीय आयोजक
लाइन्स क्लब अफ पिस थाहा
लियो क्लब अफ पिस थाहा
आयोजक
नेपाल नेत्र ज्योती संघ
काठमाण्डौं

अनलाईनबाटै
गाउँघरका खबर, अब विश्वभर
www.bikaskhabar.com
लगअन गर्नुहोस् ।
'तपाईजहाँ, विकासखबर त्यहाँ'
दैनिक कुर्नै पर्दैन
पलपलको खबर....
विकासखबर डट.कम.
इमेल:
bikaskhabar@gmail.com

● विकास मल्टिमिडियाका लागि प्रकाशक :सुरजकुमार भुजेल (९८५५०६८६९५)● सम्पादक : कुमार नेमी (९८५५०६८०७०)● समाचार संयोजक : अशोकसुजन श्रेष्ठ (९८५५०६८३५३)● कार्यालय : थाहा-४, मकवानपुर● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● इमेल: bikaskhabargmail.com